# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७) काठमाडौं, पुस २१ गते २०४४ साल (अतिरिक्ताङ्क ५१

## भाग ३

### श्री ५ को सरकार
### पञ्चायत तथा स्थानीय विकास मन्त्रालयको
### सूचना १

नेपालको संविधानबमोजिम वर्गीय संगठनको सदस्यता लिई निर्वाचित भएपछि नगर पञ्चायत ऐन, २०१९ को अनुसूचीबमोजिम दलविहीन पञ्चायती व्यवस्थाप्रति पूर्णतया निष्ठावान रहने शपथ खाई पदको कार्यभार सम्हाली आउनु हुँदा विकेन्द्रीकरण (कार्य व्यवस्था) नियमावली, २०४१ को नियम १९ को उपनियम (१) को खण्ड (च) अनुसार दलविहीन पञ्चायती व्यवस्थाको संवर्द्धन हुने कार्यमा सदा संलग्न रहने पदीय कर्तव्य भएका नेपालगञ्ज नगर पञ्चायतका उपप्रधानपञ्च श्री विजयकुमार गुप्ताले गत पौष १ गतेको राष्ट्रिय पर्व श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवसलाई बहिष्कार गरी आफ्नो काम कर्तव्य विपरीत काम गरी आफ्नो पदको दुरूपयोग गर्नुभएको हुँदा निजलाई नेपालगञ्ज नगर पञ्चायतको उपप्रधानपञ्च पदबाट नगर पञ्चायत ऐन, २०१९ को दफा ४४ को उपदफा (४) बमोजिम श्री ५ को सरकारको मिति २०४४।९।२१ को निर्णयानुसार अर्को आदेश नहुन्जेलसम्मका लागि निलम्बन गरिएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।